गण्डकी राजपत्र

गण्डकी गाउँपालिकाद्वारा प्रकाशित

# विपद जोखिम प्रतिकार्य योजना २०७७

खण्ड : ४ संख्या : ६ मिति : २०७७/०३/१०

**भाग : २**

**गण्डकी गाउँपालिका**

# विपद जोखिम प्रतिकार्य योजना २०७७

**पृष्ठभूमि:**

नेपालको भौगोलिक  बनावट र अबस्थितिले बिबिधिता पूर्ण भयता पनि विपद  जोखिमको सामना  गर्नु परिरहेको छ/ २०७२ बैशाख १२ र २९ गते गोर्खा बारपाक र सिन्धुपाल्चोक केन्द्र बनाई ७.६ र ७.३ रेक्टर स्केलको भूकम्पका कारण ८९७९ जनाको मृत्यु र करिब २२३०० जना घाइते भएका थिए/ यस क्रममा ४९८,८५२ निजि घर, २६५६ सरकारी भवनहरु नष्ट भएको आंकलन गरिएको छ/ २५६,६९७ निजि घरहरु र ३६२२ सरकारी भवनहरु आंशिक रुपले क्षति ग्रस्त भए/  बिद्यालय, स्वास्थ्य चौकी , खानेपानी  आदि जस्ता सार्बजनिक सम्पत्ति मा ठुलो क्षति भएको थियो/  नेपाल विपद प्रतिबेदन २०१९ अनुसार २०१७-२०१८ मा ६३८१ विपदका घटना  भएको मध्ये ९६८ जना को मृत्यु भएको थियो भने अनुमानित  ६,८३,८८,२३,३२० रुपैयाको क्षति भएको थियो/ नेपालको विपद जोखिममा बाढी, पहिरो, चट्याङ, आगलागीबाट मानबिय क्षति बढी भएको थियो/ यस बर्ष चीनको वुहान बाट शुरु भएको कोरोना भाइरसको संक्रमण बाट राज्यले ठूलो जन धनको क्षति व्यहोर्नु पर्ने अवस्था सिर्जना भएको / नेपाल सरकारले कोरोना भाइरस  रोकथाम र नियन्त्रणको लागि उप प्रधानमन्त्री तथा रक्षा मन्त्रीको नेतृत्वमा  कोरोना भाइरस  रोकथाम र नियन्त्रण उच्च स्तरीय समन्वय समिति गठन  भएको छ/  नेपालको संबिधान ले विपद जोखिम लाई  नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह गरि तिनै वटा तहको सरकारको साझा अधिकार क्षेत्र भित्र ब्यबस्था गरेको ले समन्वयात्मक तरिकाले विपद संग सामना गर्ने प्रयास गरिरहेको छ/ यसै सन्दर्भमा गण्डकी  गाउँपालिकाको भौगोलिक बनावट र अवस्थिति पनि  पहिरो, बाढी र भूकम्पको जोखिममा रहेको छ/ २०७२ बैशाख १२ र २९ गतेको भूकम्पका कारण  गण्डकी गाउँपालिकामा कुनै पनि व्यक्तिको मिरत्यु  नभएको र करिब ५० जना घाइते भएका थिए /  धेरै जसो कच्ची घरमा क्षति पुगेको थियो।  यस आ. ब. मा आगलागी, खहरे बाढी, पहिरो आदिबाट कुनै मानविय क्षति नभएता पनि यस गाउँ पालिका का जंगल हरु मा   आगलागी भने बर्षेनी  हुने गरेको छ। कोरोना भाइरस (कोभिड १९) का कारण बिश्वनै आक्रान्त भएको बेला रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, गण्डकी प्रदेश सरकार र गण्डकी गाउँपालिकाको प्रयासले हाल सम्म कुनै पनि संक्रमण देखिएको छैन यद्दपी रोकथाम र नियन्त्रणका लागि चालिएका कदमहरुबाट देशको अर्थतन्त्र संगै स्थानीय अर्थतन्त्र पनि नराम्ररी प्रभावित भएको छ/ कोभिड १९ आपतकालीन योजना निर्माण गरि पकार्यान्वयन गरिएको थियो/ भूकम्प संगै कोभिड १९ को महामारीले विपद तथा जोखिम न्यूनीकरण तथा ब्यबस्थापनमा  चुनौतीहरु र सिकाईहरु थपिएका छन्/ नेपाल सरकारले विपद  जोखिम न्यूनीकरण र ब्यबस्थापनका कार्यलाई योजनाबद्द र ब्यबस्थित गर्न नीतिगत, कानुनी तथा संस्थागत ब्यबस्था गरेको छ/ यस सन्दर्भमा नेपालको संबिधान २०७२, स्थानीय सरकार संचालन ऐन २०७४,  विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन २०७४ महत्वपुर्ण कानुनी ब्यबस्था हुन् भने भवन ऐन २०५५, राष्ट्रिय भवन सहिंता २०६०, जलबायु परिबर्तन नीति २०७२, भू उपयोग नीति २०६९, जल उत्पन्न प्रकोप ब्यबस्थापन नीति २०७२, राष्ट्रिय पुनर्निर्माण तथा पुनर्स्थपना नीति २०७२, राष्ट्रिय शहरी विकास रणनीति २०७३, विपद जोखिम न्यूनीकरण राष्ट्रिय नीति २०७५, विपद जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३० आदि नीतिगत आधार हुन्/ विपद जोखिम न्यूनीकरण तथा ब्यबस्थापन ऐन २०७४ ले स्थानीय तहमा स्थानीय विपद जोखिम ब्यबस्थापन समितिको संस्थागत ब्यबस्था गरेको छ/ यसरी नेपाल सरकारले  सेण्डाई कार्य ढाँचा, दिगो विकास लक्षहरु, जलबायु परिबर्तन सम्बन्धि पेरिस सम्झौता लगायत अन्तराष्ट्रिय प्रतिबद्दता अनुरुप आबश्यक नीतिगत र संस्थागत मार्गदर्शन गरे संगै गण्डकी गाउँपालिकाले पनि विपद जोखिम न्यूनीकरण स्थानीय नीति २०७७ तर्जुमा गरेको छ/ बहु प्रकोप विपदको ब्यबस्थापन  सिमित स्रोत र साधनबाट गर्नु आफैमा चुनौतीपूर्ण कार्य हो/ गण्डकी गाउँपालिकामा  पनि भूकम्प, बाढी, पहिरो , महामारी, आगलागी, चट्याङ, खडेरी, हिमपात, सडक दुर्घटना आदि जस्ता विपद

जोखिम न्यूनीकरण तथा ब्यस्थापन गर्न विपद जोखिम न्यूनीकरण स्थानीय नीति २०७७ अनुसार विपद जोखिम प्रतिकार्य योजना तयार गरेको हो/

**लक्ष्य:** प्राकृतिक तथा गैर प्राकृतिक विपद जोखिमको प्रतिकार्य योजनाबद्द तरिकाले गरी स्थानीय जनधनको क्षति न्यूनीकरण गर्नु यस विपद जोखिम प्रतिकार्य योजनाको लक्ष्य हो/

**उद्देश्य:** यस प्रतिकार्य योजनाको उद्देश्यहरु देहाय बमोजिम उल्लेख गरिएको छ/

- विपद जोखिमको प्रतिकार्य क्रियाकलापहरुलाई योजनाबद्द रुपले एकिकृत रुपमा पुर्व तयारी गरी स्थानीय तहमा आईपर्ने विपद जोखिमलाई न्यूनीकरण गर्नु/
- नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, गैरसरकारी र निजि क्षेत्रको सहभागिता सुनिश्चित गरि प्रतिकार्य योजनालाई समन्वयात्मक रुपमा विपद जोखिम न्यूनीकरण प्रभावकारी बनाउनु /
- विपद जोखिमको प्रतिकार्य गर्न आबश्यक स्रोत र साधनको समुचित रुपमा प्रयोग गरी स्थानीय तहमा आई पर्ने बहु प्रकोपिय जोखिम न्यूनीकरण गर्नु/
- विपद जोखिमका सिकाई तथा अनुभवलाई अभिलेखीकरण गरि प्रतिकार्य योजना प्रभावकारी बनाई विपद जोखिम न्यूनीकरण गर्न लागु गर्नु/
- स्थानीय तहमा विपद जोखिम न्यूनीकरण गर्न उद्दार, राहत र पुनर्स्थापना कार्यलाई योजनाबद्द कार्यन्वयन गर्नु/

**रणनैतिक क्रियाकलाप**

- विपद जोखिम क्षेत्रको पहिचान र प्राथमिकीकरण गर्ने/
- स्थानीय विवाद जोखिम न्यूनीकरण ब्यबस्थापन समिति गठन गरी सक्रिय बनाउने/
- विपद जोखिम न्यूनीकरण गर्न जनचेतनामुलक सूचनाहरु प्रचार प्रसार गर्ने/
- विपद जोखिम न्युनिकरणको लागि पूर्व सूचना प्रणाली विकास गर्ने/
- विपद जोखिम क्षेत्रमा आबश्यक उद्दार राहत र पुनर्स्थापनाको ब्यबस्था गर्ने/
- विपद ब्यबस्थापन कोष बृद्वी गर्ने/
- स्थानीय आपतकालीन संचालन केन्द्र स्थापना गर्ने/
- नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदार अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी संस्था संग समन्वय र सहकार्य गर्ने/

**प्राकृतिक तथा गैर प्राकृतिक विपद जोखिम र स्थानीय तहको अवस्था :**

**भूकम्प:** नेपालको अवस्थिति भूकम्पीय दृष्टिकोणले जोखिमपूर्ण रहेको छ/ गोरखा जिल्लाको गण्डकी गाउँपालिका पनि येही जोखिम क्षेत्र भित्र पर्दछ/ २०७२ बैशाख १२ र २९ गतेको भूकम्पका कारण गण्डकी गाउँपालिकामा कुनै पनि व्यक्तिको मिरत्यु नभएको र करिब ५० जना घाइते भएका थिए / धेरै जसो कच्ची घरमा क्षति पुगेको थियो। भुकम्पकै कारण अन्न, पशु चौपाया, निजि सम्पत्ति सामग्री हरु नष्ट भई जीवनयापनमा कठिनाई उत्पन्न भएको थियो / सार्बजनिक सम्पत्ति बिद्यालय, स्वास्थ्य संस्था, सिंचाई, खानेपानी, सडक आदिमा ठुलो क्षति भयो/ भूकम्प पश्चातको निजि आवास पुनर्निर्माण अन्तिम तीर आईपुगेको छ भने बिद्यालय, खानेपानी, सिंचाई पुनर्निर्माण कार्य अहिले पनि जारी रहेको छ/ भूकम्पका पराकम्पनहरु अझै पनि बेला बेलामा देखिने गरेका छन्/ त्यसैले भूकम्पको विपद जोखिम सधै उत्तिकै छ/

**पहिरो:** पहाडी तथा हिमाली क्षेत्र धेरै रहेको नेपाल मा पहिरो विपद जोखिमको ठुलो चुनौती हो/ डाँडाकाँडाले भरिएको नेपालका अधिकांश गाउँहरु पहिरो बाट असुरक्षित छन्/ गण्डकी गाउँपालिकाका धेरै गाउँ हरु पहाडी भिरालो अवस्थितिमा रहेकोले पहिरोको उच्च जोखिममा रहेका छन्/ भूकम्पले थिलोथिलो बनाएको भू बनावट , डोजर प्रयोग बनाईएको सडकहरु, पानीको मुहानहरु धेरै रहेकोले पहिरो को उच्च जोखिमलाई नजरअन्दाज गर्न सकिने अवस्था छैन/

**बाढी :** नेपालको धेरै जसो तराईको भूभाग बाढीबाट प्रभावित हुने गरेको भएपनि पहाडी जिल्ला तथा स्थानीय तह यसबाट अछुतो छैनन्/ नेपालमा साना ठुला गरि ६००० भन्दा बढी नदीनाला रहेका छन्/ गण्डकी गाउँपालिकामा पनि करिब === वटा खहरे खोला रहेको छ/ सुख्खायाममा पानी कम देखिने यी खोलानाला वर्षायाममा डरलाग्दा देखिन्छन / बिद्यालय जान आउन बालबालिकाको लागि उत्तिकै जोखिम छ/ सडकमार्ग मा पनि मोटरसाईकल जोखिमपूर्ण तरिकाले यात्रा गर्ने गर्दछन/ यस आर्थिक बर्षमा बाढी कै कारण मानवीय क्षति नभएता पनि सार्बजनिक चिजहरु मा भने बर्षेनी क्षति हुने गरेको पाइन्छ। यसर्थ यो पनि गाउँपालिकाको लागि सम्भाव्य विपद जोखिमको क्षेत्र हो /

**महामारी:** नेपालको इतिहासको विभिन्न काल खण्डमा झाडापखाला, काला ज्वर, ठेउला, हेपाटाईटीस, टाईफाईड, दम, हैजा, क्षयरोग, कुष्ठरोग संक्रमण हुने रोगहरु महामारीको रुपमा आएका छन्/ २०६५ साल तिर मध्ये तथा सुदुर पश्चिमी क्षेत्रमा झाडापखालाले धेरै जनाको ज्यान गएको देखिन्छ/ त्यस्तै २०६५ सालमा पंक्षीजन्य बर्ड फ्लु देखिएपछि धेरै कुखुराहरु मारिए/ यसरी पानी, किरा र जिबाणू जन्य संक्रमण बाट हुने रोग हरुले महामारीको रुप लिने गरेको देखिएको छ/ गण्डकी गाउँपालिकामा खुला दिसा मुक्त, पूर्ण खोपयुक्त स्थानीय तह भएको र पूर्ण सरसफाईको बाटोमा अग्रसर रहेको छ/ कुखुरा र अन्डामा आत्मनिर्भर देखिएको स्थानीय तहमा पशु पंक्षी जन्य संक्रमणले महामारी नहोला भन्न सकिन्न/ माप दण्ड पुरा नभएका मासु पसल, जथाभावी फोहोर फ्याक्ने, खानेपानी तथा सरसफाईको लागि एक घर एक धाराको लक्ष प्राप्ति नहुन्जेल संक्रमणहरु फैलिन सक्ने सम्भावना जीवित रहन्छ/ हाल चीनको वुहान शहरबाट शुरु भएको कोरोना भाईरस संक्रमणले महामारीको रुप लिई बिश्व इतिहासमा चुनौती थपिएको छ/ हाल नेपाल पनि कोभिड महामारी बाट धेरै प्रभावित छ र गोरखा जिल्ला प्रत्यक्ष र परोक्ष रुपमा प्रभावित नहुने कुरै भएन। गण्डकी गाउँपालिकामा कोरोना भाईरस संक्रमण को लागि Rapid Diagnostic Test पनि गरिएकोमा कुनैमा पनि positive घटना देखिएको छैन/

**चट्याङ:** चट्याङ बाट हाल सम्म क्षेती भएको अभिलेख नभेटिएको भयता पनि बर्षेनी मानिसहरुको मृत्यु भैरहेको छ/ पश्चिम पहाडी जिल्लामा यो बर्षेनी हुने गरेको छ र धनजनको क्षति हुने गरेको छ/ यस्तो विपदको अवस्थालाई पनि आबश्यक न्यूनीकरण गर्न पुर्व तयारी गर्नु महत्वपूर्ण हुन्छ/

**आगलागी:** नेपालमा आगलागीले पनि ठुलो जनधनको क्षति ब्यहोर्नु परेको इत्हस छ/ ताप्लेजुंग, तेह्रथूम सदरमुकाम नै खरानी भएको छ/ तराई तीरको बाक्लो बस्ति तथा गाउँहरु सुख्खा याममा आगलागीको बढी जोखिममा हुने गर्छन / गत बर्ष अष्ट्रेलियाले आगलागीको विपदबाट ठुलो धन जनको क्षति ब्यहोर्नु पर्यो साथै हृदयविदारक तस्विरहरु सार्वजनिक भए/ नेपालमा पनि बर्षेनी आगलागीको विपद सामना गर्नु परिरहेको छ/ सुख्खायाम मा बन जंगलमा डढेलो ले बाताबरणमा ठुलो असर पुर्याउछ भने जनधनको खतराको सम्भावना रहिरहन्छ/ यहि चैत्र बैशाख मै लकडाउन कै अबधिमा गाउँपालिकाको वडा नं. ५ को जंगल मा डढेलो लागि आफै निभेको थियो/ जंगल बिनास भए पनि यसले बस्तीलाई भेटाउन भने सकेन/ बिधुत परियोजना र सब स्टेशन भएको कारणले पनि आगलागीको जोखिम हुन सक्छ भने व्यक्तिगत लापरबाहीले पनि बिधुत सर्ट हुन गई धन जनको क्षति हुन सक्छ/

**खडेरी**: बिश्व समुदायले अहिले बाताबरणीय असरको सामना गर्नु परिरहेको छ/ बिश्व तापमान बृद्धी संगै बाताबरणीय बिनासको बिश्व राजनीतिक एजेन्डा भएको छ/ कार्बन उत्सर्जन तथा विभिन्न कारण उत्पन्न भएको बाताबरणीय बिनासको कारण अतिवृष्टि र अनावृष्टि देखा पर्ने गर्दछ/ अनावृष्टिले खडेरी हुन गई मौसमी खेतीपातीमा निर्भर कृषि पुरै ध्वस्त हुन पुग्दछ/ नेपालको कर्णाली प्रदेशमा अतिवृष्टि र अनावृष्टिले कृषि प्रणालीमा असर परेको समाचारहरु पढ्न पाईन्छ/ खडेरी जस्तो विपद जोखिम कै कारण खाद्य सुरक्षा र पोषण क्षेत्रमा चुनौती थपिन गई भोकमरी र अनिकाल हुन गई धन जनको क्षति हुन पुग्दछ/ यसरी जलबायु अनुकुलित कृषि प्रणाली बिकसित गर्न सके खडेरीको विपद सामना गर्न सकिन्छ/ त्यसैले गाउँपालिका पनि खडेरीको विपद जोखिम हुन सक्दछ/

**सडक दुर्घटना** : बढ्दो विकास संगै बर्षेनी सडक दुर्घटनाको कारण सयौंको अकालमा मृत्यु हुने गरेको छ/ साँघुरो र खराब सडक, चालकको लापरबाही , मदिरा सेवन, तिब्र गतिमा गाडी चलाउनु , क्षमता भन्दा बढी यात्रु बोक्नु आदि सडक दुर्घटनाको प्रमुख कारण हुन्/ नेपालमा बर्षेनी करिब १८८९ व्यक्तिले ज्यान गुमाउछन् भने १३००० ब्यक्तिहर घाइते हुन्छन/ सडक दुर्घटना विपद निम्त्याउने मानव सृजित मुख्य प्रकोप हो/ गण्डकी गाउँपालिकामा का बिभिन्न गाउँ हरु सम्म पुग्ने सडक कच्ची हुनु र सवारी साधनले क्षमता भन्दा बढी यात्रुहरु बोक्ने गरेकोले विपद आउदैन भन्न सकिदैन/

## विपद पूर्वको प्रतिकार्य योजना

| प्राथमिकता | प्रमुख जोखिम | क्रियाकलाप | मुख्य जिम्मेवारी/सहयोगी | स्रोतको ब्यबस्था | समयाबधी |
|---|---|---|---|---|---|
| १ | महामारी | **महामारी विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• विभिन्न खाले महामारी बारे समुदायमा पूर्व जानकारी गराई सचेत गराउने/<br>• महामारी रोकथाम र नियन्त्रण सम्बन्धि सूचनामुलक जानकारी प्रचार प्रसार गर्ने/<br>**महामारी न्यूनीकरण सम्बन्धि क्रियाकलाप**<br>• स्वास्थ्य तथा सरसफाई कार्यक्रम संचालन गर्ने/<br>• पूर्ण सरसफाई कार्यक्रम संचालन गर्ने/<br>• स्वास्थ्य, कृषि र पशु बिमा अभियान संचालन गर्ने/<br>**महामारी विपद सम्बधि आपतकालीन पूर्व तयारी**<br>• स्वास्थ्य संस्थामा औषधि, मेडिकल सामग्री र स्वास्थ्यकर्मीको पर्याप्त ब्यबस्था गर्ने/<br>• पशु स्वास्थ्य सेवा सम्बन्धि औसधि र पशु स्वास्थ्य प्राबिधिकको ब्यबस्था गर्ने/<br>• उद्दार सामग्री तथा जनशक्तिको आबश्यक तयारी गर्ने/<br>• आश्रय स्थलहरुको निर्माण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ नेपाल सरकार/प्रदेश सरकार /गैरसरकारी संस्था , व्यक्तिगत दान आदि | निरन्तर बार्षिक |
| २ | बाढी | **बाढी विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• बिद्यालय र समुदायमा बाढी सुरक्षा सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने/<br>• समुदायमा बाढी पूर्व तयारी सम्बन्धि नमुना कृतिम घटना अभ्यास गर्ने/<br>• बाढीले पुर्याउने असर तथा क्षतीको बारेमा पोस्टर, पम्प्लेट आदि तयार गरी समुदायमा वितरण गर्ने/<br>**बाढी विपद न्यूनीकरण सम्बन्धि क्रियाकलाप** | गाउँपालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका /गैरसरकारी संस्था | ६ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • खहरे खोलाहरुमा पुलपुलेसा निर्माण गर्ने/<br>• पालिका भित्र बन्ने भौतिक पुर्बाधार सार्बजनिक संरचनाहरु बाल मैत्री, अपांगमैत्री र जेष्ठ नागरिकमैत्री बनाउने/<br>• बाढीको अत्यधिक जोखिममा रहेको घर, बस्ति स्थान्तरण गर्ने<br>**बाढी विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• बाढीको अत्यधिक जोखिम पूर्ण स्थानहरुको पहिचान गर्ने/<br>• आपतकालीन खोज तथा उद्दार (लाईफ ज्याकेट, डोरी, ट्युब, हेल्मेट, स्टेचर आदि) र प्राथमिक सामग्री भण्डारण गर्ने/<br>• बाढी सम्बन्धि पूर्व सूचनाको प्रबिधि जडान गर्ने/<br>• बाढी पछी महामारी फैलन सक्ने भएकाले खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धि सामग्री ब्यबस्था गर्ने/<br>आश्रय स्थलहरुको निर्माण गर्ने/ | | | |
| ३ | पहिरो | **पहिरो विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• सम्भावित पहिरो जोखिमको क्षेत्रको पहिचान<br>• संकटासन्ना घरधुरी र सरोकारवालालाई जानकारी र पुर्व साबधानी<br>**पहिरो विपद न्यूनीकरण सम्बन्धि क्रियाकलाप**<br>• पहिरो नियन्त्रण कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने/<br>• वृक्षारोपण कार्यक्रम र Bioengineering कार्य गर्ने/<br>• भौतिक संरचना निर्माण पुर्ब बताबरणीय अध्ययन गर्ने/<br>**पहिरो विपद सम्बधि आपतकालीन पूर्व तयारी;**<br>• पहिरोको अत्यधिक जोखिम पूर्ण स्थानहरुको पहिचान गर्ने/<br>• आपतकालीन खोज तथा उद्दार सामग्री र प्राथमिक सामग्री भण्डारण गर्ने र आबश्यक तालिम प्राप्त खोज उद्दारकर्ता तयार गर्ने/ | गाउँपालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका /गैरसरकारी संस्था | ६ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आपतकालीन राहत सामग्रीको ब्यबस्था गर्ने/<br>• आश्रय स्थलहरुको निर्माण गर्ने/ | | | |
| ४ | भूकम्प | **भूकम्प विपद सम्बधि जनचेतना अभिबृद्धी गर्ने;**<br>• भूकम्प सम्बन्धि जानकारीहरु सार्बजनिक स्थानहरुमा टास्ने/<br>• झटपट झोला बारे जानकारी गराउने/<br>• भूकम्प बाटको सिकाईहरु प्रचार प्रसार गर्ने/<br>**भूकम्प विपद जोखिम न्यूनीकरण सम्बन्धि क्रियाकलाप;**<br>• भवन मापदण्ड कार्यन्वयन गर्ने/<br>• भूकम्प प्रतिरोधी भवन निर्माण गर्न आबश्यक जनशक्तिको सूचीकरण अद्यावधिक गर्ने/<br>• घर, बिद्यालय, स्वास्थ्य संस्था आदिलाई भूकम्प प्रतिरोधी निर्माण गर्ने/<br>• प्रत्येक वडामा भूकम्प प्रतिरोधी सामुदायिक भवन निर्माण गर्ने/<br>**भूकम्प विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• आपतकालीन प्राथमिक उपचारको ब्यबस्था गर्ने/<br>• खोज तथा उद्दार सामग्रीहरुको ब्यबस्था सहितको जनशक्ति तयार गर्ने र तालिमको आबश्यक ब्यबस्था गर्ने/<br>• खुला क्षेत्रहरु पहिचान र संरक्षण गर्ने /<br>• आश्रय स्थलहरुको निर्माण गर्ने/ | गाउँपालिका/वडा कार्यालय/ गैरसरकारी संस्था | गाउँपालिका /नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | ३ महिना |
| ५ | आगलागी | **आगलागी विपद सम्बधि जनचेतना अभिबृद्धी गर्ने;**<br>• सुरक्षा निकाय, दमकल, एम्बुलेन्स, आदि जस्ता आपतकालीन सम्पर्क नं. हरु सार्बजनिक स्थानहरुमा टास्ने/<br>• आगलागी हुन सक्ने कारण र सम्भावित क्षतिको बारे सूचना मुलक जानकारी प्रचार प्रसार गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैरसरकारी संस्था | गाउँपालिका /गैरसरकारी संस्था | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| | | **आगलागी विपद जोखिम न्यूनीकरण सम्बन्धि क्रियाकलाप;**<br>• गाउँपालिका,वडा कार्यलय, स्वास्थ्य संस्थाहरुमा अग्नि समक (Fire Extinguisher) को ब्यबस्था गर्ने/<br>• सामुदायिक बन तथा अन्य आगलागीको जोखिमपूर्ण स्थानहरुमा अग्नि रेखा कोर्ने/<br>**आगलागी विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• आपतकालीन पानीको स्रोत पहिचान तथा संरक्षण गर्ने/<br>• आपतकालीन खोज तथा उद्दार सामग्री, प्राथमिक सामग्री भण्डारण गर्ने र जनशक्तिहरु तयार गरि अद्यावधिक सुची अभिलेख राख्ने/<br>• आश्रय स्थलहरुको निर्माण गर्ने/ | | | |
| ६ | सडक दुर्घटना | **सडक दुर्घटना विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• घर नजिक रहेको कम्जोर रुख रथ छाना हटाउने बारे जानकारी दिने/<br>• सडक दुर्घटना हुन सक्ने कारण र सम्भावित क्षतिको बारे सूचना मुलक जानकारी प्रचार प्रसार गर्ने/<br>• सवारी नियमबारे प्रचार प्रसार गर्ने/<br>**सडक विपद जोखिम न्यूनीकरण सम्बन्धि क्रियाकलाप;**<br>• सवारी नियमको पालना गर्न प्रोत्साहित गर्ने/<br>• सडकमा सवारी संकेतहरुको ब्यबस्था गर्ने/<br>**सडक विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• आपतकालीन खोज तथा उद्दार सामग्री, प्राथमिक उपचार सामग्री भण्डारण गर्ने र जनशक्तिहरु तयार गरि अद्यावधिक सुची अभिलेख राख्ने/<br>• एम्बुलेन्सको आबश्यक ब्यबस्थापन गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/नेपाल सरकार/प्रदेश सरकार/ /गैरसरकारी संस्था | निरन्तर बार्षिक |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | खडेरी | **खडेरी विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• बिद्यालय र समुदायमा खडेरी सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने/<br>• खडेरीले पुर्याउने खाद्य सुरक्षा र पोषणमा पर्ने असर तथा क्षतीको बारेमा पोस्टर, पम्प्लेट आदि तयार गरी प्रचार प्रसार गर्ने/<br>**खडेरी विपद न्यूनीकरण सम्बन्धि क्रियाकलाप**<br>• बाताबरण संरक्षणको कायक्रम संचालन गर्ने/<br>• बाताबरण अनुकुलन कृषि गर्न कृषकहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गर्ने/<br>**खडेरी विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• आबश्यक खाद्यान्न भण्डारण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका /गैरसरकारी संस्था | ३ महिना |
| ८ | **चट्याङ** | **चट्याङ विपद सम्बधि जनचेतना अभिबृद्वी गर्ने;**<br>• चट्याङ सम्बन्धि जनचेतनामुलक कार्यक्रम संचालन गर्ने/<br>• चट्याङ बाट बच्ने उपायहरु बारे प्रचार प्रसार गर्ने/<br>**चट्याङ विपद न्यूनीकरण सम्बन्धि क्रियाकलाप**<br>• चट्याङ अत्यधिक जोखिम पूर्ण स्थानहरुको पहिचान गर्ने/<br>• अर्थिंग प्रणाली सहित बिधुत जडान गर्ने/<br>• घर निर्माण गर्दा चट्याङ जोखिमलाई ध्यान दिने/<br>**चट्याङ विपद सम्बन्धि आपतकालीन पुर्व तयारी**<br>• आपतकालीन खोज तथा उद्दारकर्ता को ब्यबस्था गर्ने /<br>• प्राथमिक उपचारको ब्यबस्था गर्ने र आबश्यक स्वास्थ्यकर्मी ब्यबस्था गर्ने/<br>• एम्बुलेन्स सेवाको आपतकालीन ब्यबस्था गर्ने/<br>• आश्रय स्थलहरुको निर्माण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका /गैरसरकारी संस्था | ३ महिना |

## विपदको समयका प्रतिकार्य योजना

| प्राथमिकता | प्रमुख जोखिम | क्रियाकलाप | मुख्य जिम्मेवारी/सहयोगी | स्रोतको ब्यबस्था | समयाबधी |
|---|---|---|---|---|---|
| १ | महामारी | • समुदायलाई आफु सुरक्षित रहन र सुरक्षित स्थानमा बस्न आग्रह गर्ने/<br>• सरकारले दिएको निर्देशन पालना गरि आबश्यक उद्दार कार्य गर्ने/<br>• बिरामी तथा घाइते लाई एम्बुलेन्सको ब्यबस्था गरि नजिकको स्वास्थ्य संस्थामा पुर्याउने/<br>• साबधानीका साथ आबश्यक स्थानमा स्वास्थ्यकर्मी, पशु सेवा प्राबिधिक, कृषि प्राबिधिक परिचालन गर्ने/<br>• बिरामी चेक जाँच सहित उपचार गर्ने र रेफर गर्ने/<br>• महामारीको साबधानी अपनाएर आबश्यक राहत सामग्रीको वितरण गर्ने/<br>• नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक समन्वय गर्ने/<br>• गर्भवती,बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग आदिको बिशेष संरक्षण गर्ने/ | नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिका /वडा कार्यालय | गाउँपालिका /नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | महामारी अबधि भर |
| २ | बाढी | • समुदायलाई आफु सुरक्षित रहन र सुरक्षित स्थानमा बस्न आग्रह गर्ने/<br>• सरकारले दिएको निर्देशन पालना गरि आबश्यक उद्दार कार्य गर्ने/<br>• बिरामी तथा घाइते लाई एम्बुलेन्सको ब्यबस्था गरि नजिकको स्वास्थ्य संस्थामा पुर्याउने/<br>• आबश्यक स्थानमा स्वास्थ्यकर्मी, पशु सेवा प्राबिधिक परिचालन गर्ने/<br>• जोखिममा रहेका समुदायलाई आश्रय स्थलमा राख्ने /<br>• स्वस्थ खानेपानीको ब्यबस्था गर्ने/<br>• नेपाल सरकार र प्रदेश सरकारका विपद र बिषयगत मन्त्रालय संग आबश्यक समन्वय गर्ने/ | वडा कार्यालय/ गाउँपालिका/नेपाल सरकार | गाउँपालिका /नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | १ देखि ३ दिन सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पहिरो | • समुदायलाई  आफु सुरक्षित रहन र सुरक्षित स्थानमा बस्न आग्रह गर्ने/<br>• सरकारले दिएको निर्देशन पालना गरि आबश्यक उद्दार कार्य गर्ने/<br>• बिरामी तथा घाइते लाई एम्बुलेन्सको ब्यबस्था गरि नजिकको स्वास्थ्य संस्थामा पुर्याउने/<br>• आबश्यक स्थानमा स्वास्थ्यकर्मी, पशु सेवा प्राबिधिक परिचालन गर्ने/<br>• जोखिममा रहेका समुदायलाई आश्रय स्थलमा राख्ने /<br>• नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक समन्वय गर्ने/ | गाउँपालिका/वडा कार्यालय/ नेपाल सरकार | गाउँपालिका/नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | १ देखि ३ दिन सम्म |
| ४ | भूकम्प | • समुदायलाई  आफु सुरक्षित रहन र सुरक्षित स्थानमा बस्न आग्रह गर्ने/<br>• सरकारले दिएको निर्देशन पालना गरि आबश्यक उद्दार कार्य गर्ने/<br>• बिरामी तथा घाइते लाई एम्बुलेन्सको ब्यबस्था गरि नजिकको स्वास्थ्य संस्थामा पुर्याउने/<br>• आबश्यक स्थानमा स्वास्थ्यकर्मी, पशु सेवा प्राबिधिक परिचालन गर्ने/<br>• जोखिममा रहेका समुदायलाई आश्रय स्थलमा राख्ने /<br>• स्वस्थ खानेपानी तथा  अस्थायी चर्पीको ब्यबस्था गर्ने/<br>• नेपाल सरकार र प्रदेश सरकारका विपद र बिषयगत मन्त्रालय संग आबश्यक समन्वय गर्ने/<br>• गर्भवती,बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग आदिको बिशेष संरक्षण गर्ने/ | नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिका /वडा कार्यालय | गाउँपालिका /नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | १ हप्ता |
| ५ | आगलागी | • आगलागीको बारेमा प्रहरी लगायतको सुरक्षा निकाय तथा सरोकार वा निकायलाई जानकारी गराई सहयोग लिने  तथा खोज तथा उद्दार कार्यदल लाई परिचालन गर्ने/<br>• समुदायलाई घटना भएको स्थानको बारेमा जानकारी गराई आफु सुरक्षित रहन र सुरक्षित स्थानमा बस्न आग्रह गर्ने/ | गाउँपालिका/वडा कार्यालय/ नेपाल सरकार | गाउँपालिका /नेपाल सरकार/प्रदेश सरकार/गैरसरकारी संस्था | १ देखि ३ दिन सम्म |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • आगोको प्रकृति अनुसार समुदायमा भएका तालिम प्राप्त व्यक्तिहरुको सहयोगमा बिधुत बन्द गरी आगो निभाउन प्रयास गर्ने/<br>• आगलागीको स्थानको अवस्था हेरेर समुदायमा भएका तालिम प्राप्त व्यक्तिहरुको जुटको बोरा भिजाएर र पानीको प्रयोग गरेर आगो निभाउने प्रयास गर्ने/<br>• कार्यालयमा Fire Extinguisher ब्यबस्था भए सम्भव भए अनुसार प्रयोग गर्ने/<br>• सम्बन्धित निकाय संग समन्वय गरि सम्भाव्य स्थानमा दमकल परिचालन गर्ने/<br>• गर्भवती,बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग आदिको बिशेष सुरक्षाको ब्यबस्था गर्ने/ | | | |
| ६ | सडक दुर्घटना | • दुर्घटना भएको मान्छेको उद्दारमा स्वयंसेवक परिचालन गर्ने/<br>• तत्काल ट्राफिक प्रहरी लगायत सुरक्षा निकायलाई खबर गर्ने र आबश्यक सहयोग लिने/<br>• घाइतेको प्राथमिक उपचारको लागि नजिकको स्वास्थ्य संस्थामा लगेर छिटो भन्दा छिटो उपचारको ब्यबस्था गर्ने/ | गाउँपालिका/वडा कार्यालय/ नेपाल सरकार | गाउँपालिका | १ दिन |
| ७ | खडेरी | • खडेरीको बारेमा निरन्तर समुदायलाई जानकारी गराउने/<br>• आबश्यक खानेपानीको ब्यबस्था गर्ने/<br>• अन्नबाली समय मै भित्राउन अनुरोध गर्ने /<br>• आबश्यक खाद्यान्न तथा सामग्रीको भण्डारण तथा राहत वितरण गर्ने/<br>• गर्भवती,बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग आदिको खाद्य सुरक्षा सुनिश्चित गर्ने/ | नेपाल सरकार/प्रदेश सरकार/गाउँपालिका | नेपाल सरकार/प्रदेश सरकार/ गाउँपालिका/ गैरसरकारी संस्था | ६ महिना |
| ८ | **चट्याङ** | • घाइतेको तत्काल उद्दार गर्न स्वयंसेवक परिचालन गर्ने/<br>• घाइते लाई नजिकको स्वास्थ्य चौकीमा पुर्याउने/ | वडा कार्यालय/ गाउँपालिका | प्रदेश सरकार/ गाउँपालिका | १ दिन |

## विपद पश्चातका प्रतिकार्य योजना

| प्राथमिकता | प्रमुख जोखिम | क्रियाकलाप | मुख्य जिम्मेवारी | स्रोतको ब्यबस्था | समयाबधी |
|---|---|---|---|---|---|
| १ | महामारी | • महामारीबाट भएको क्षतिको बिबरण संकलन गर्ने/<br>• नेपाल सरकारको निर्देशन पालना गर्ने/<br>• राहत वितरण आबश्यकता अनुसार गर्ने/<br>• कृषि तथा पशु पंक्षी विकासका कार्यक्रम हरु संचालन गर्ने/<br>• खानेपानी तथा सरसफाई पुनर्निर्माण र पुनर्लाभका कार्यक्रम संचालन गर्ने/<br>• महामारीको कारण परेको कम्जोर भएको स्थानीय अर्थतन्त्रको बिकासमा जोड दिने कार्यक्रम संचालन गर्ने/<br>• महामारीबाट प्रत्यक्ष पिडित लक्षित कार्यक्रम संचालन गर्ने/<br>• आगामी दिनमा महामारी रोकथाम र नियन्त्रण गर्न आबश्यक चेतनामुलक कार्यहरु गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ नेपाल सरकार/प्रदेश सरकार /गैरसरकारी संस्था | निरन्तर बार्षिक |
| २ | बाढी | • बाढी बाट भएको क्षति विवरण संकलन गर्ने/<br>• पिडितलाई आबश्यक राहत प्रदान गर्ने र थप राहतको लागि नेपाल सरकार र प्रदेश सरकार संग पहल गर्ने/<br>• बाढी पिडितलाई जीविकोपार्जनको कार्यक्रम सहयोग गर्ने/<br>• घाइतेहरुलाई निशुल्क उपचारको ब्यबस्था गर्न पहल गर्ने/<br>• आपतकालीन उद्दारको लागि हेलिकप्टर सेवाको लागि समन्वय र पहल गर्ने/<br>• बाढी नियन्त्रणको लागि आबश्यक पुल पुलेसा, खोला नियन्त्रण कार्य संचालन गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँ पालिका /गैरसरकारी संस्था | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | पहिरो | • पहिरो बाट भएको क्षति विवरण संकलन गर्ने/<br>• पहिरो पिडितलाई आबश्यक राहत प्याकेज (खाना, टेन्ट, सरससफई सामग्री आदि) प्रदान गर्ने/<br>• पहिरो पिडितलाई सुरक्षित अस्थायी आवासको ब्यबस्थापन गर्ने/<br>• पहिरोबाट हुन गएको क्षति मुल्यांकन गरी नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक राहतको पहल गर्ने/<br>• घाइतेहरुको निशुल्क उपचारको लागि आबश्यक पहल गर्ने/<br>• कोहि अपांग भएमा आबश्यक अपांग कार्ड वितरण गर्ने/<br>• पिडितलाई मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने/<br>• बालबालिकालाई आबश्यक शिक्षा सामग्री प्रदान गरि बिद्यालय जाने ब्यबस्था गर्ने/<br>• महिलाहरुलाई सम्भावित हिंसाबाट संरक्षण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँ पालिका /गैरसरकारी संस्था | ६ महिना |
| ४ | भूकम्प | • भूकम्पबाट भएको क्षति विवरण संकलन गर्ने/<br>• निजि आवास, बिद्यालय, स्वास्थ्य संस्था, खानेपानी जस्ता सामाजिक पुर्बाधारको पुनर्निर्माण गर्ने/<br>• घाइतेहरुको उपचारको ब्यबस्था गर्ने/<br>• आपतकालीन उद्दारको लागि हेलिकप्टर सेवाको समन्वय र पहल गर्ने/<br>• पिडितलाई आबश्यक राहत प्याकेज (खाना, टेन्ट, सरससफई सामग्री आदि) प्रदान गर्ने/<br>• पिडितलाई सुरक्षित अस्थायी आवासको ब्यबस्थापन गर्ने/<br>• पहिरोबाट हुन गएको क्षति मुल्यांकन गरी नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक राहतको पहल गर्ने/<br>• घाइतेहरुको निशुल्क उपचारको लागि आबश्यक पहल गर्ने/ | नेपाल सरकार/गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ नेपाल सरकार/प्रदेश सरकार /गैरसरकारी संस्था | १ बर्ष क्षति अनुसार बढी हुने/ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • कोहि अपांग भएमा आबश्यक अपांग कार्ड वितरण गर्ने/<br>• पिडितलाई मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने/<br>• बालबालिकालाई आबश्यक शिक्षा सामग्री प्रदान गरि बिद्यालय जाने ब्यबस्था गर्ने/<br>• महिलाहरुलाई सम्भावित हिंसाबाट संरक्षण गर्ने/<br>• भूकम्प पिडितलाई रोजगार मुखी कार्यक्रम संचालन गर्ने/<br>• बिमा दाबीको लागि सहजीकरण गर्ने/ | | | |
| ५ | आगलागी | • आगलागीबाट भएको विवरण संकलन गर्ने/<br>• राहत प्याकेज सहयोग गर्ने/<br>• घाईतेहरुको निशुल्क उपचारको लागि सहयोग र समन्वय गर्ने/<br>• अस्थायी आवासको ब्यबस्थापन गर्ने/<br>• बालबालिका , अपाङ्गहरुलाई आबश्यकता अनुसारको थप सहयोग गर्ने/<br>• बिमा दाबी गर्न सहजीकरण गर्ने/<br>• पिडित लक्षित कार्यक्रम तथा योजना तर्जुमा गरि कार्यन्वयन गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ प्रदेश सरकार /गैरसरकारी संस्था | ३ महिना |
| ६ | सडक दुर्घटना | • घाईतेहरुको निशुल्क उपचारको लागि सहयोग र समन्वय गर्ने/<br>• राहत प्याकेज सहयोग गर्ने/<br>• बिमा दाबी गर्न सहजीकरण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ नेपाल सरकार | १ महिना |
| ७ | खडेरी | • खडेरीबाट भएको क्षति विवरण संकलन गर्ने/<br>• पिडितलाई आबश्यक राहत प्याकेज (खाना, , सरससफई सामग्री आदि) प्रदान गर्ने/<br>• पिडितलाई आबश्यकता अनुसार सुरक्षित अस्थायी आवासको ब्यबस्थापन गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/ नेपाल सरकार/प्रदेश सरकार /गैरसरकारी संस्था | १ बर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | | • खडेरीबाट हुन गएको क्षति मुल्यांकन गरी नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक थप राहतको पहल गर्ने/<br>• कोहि अपांग भएमा आबश्यक अपांग कार्ड वितरण गर्ने/<br>• पिडितलाई मनोसामाजिक विमर्श सेवा प्रदान गर्ने/<br>• गर्भवती र बालबालिकालाई पोषणयुक्त खानको राहत प्याकेज ब्यबस्था गर्ने/<br>• सुरक्षित खानेपानीको ब्यबस्था गर्ने/ | | | |
| ८ | **चट्याङ** | • चट्याङबाट भएको क्षति विवरण संकलन गर्ने/<br>• पिडितलाई आबश्यक राहत प्याकेज (खाना, , सरससफई सामग्री आदि) प्रदान गर्ने/<br>• पिडितलाई आबश्यकता अनुसार सुरक्षित अस्थायी आवासको ब्यबस्थापन गर्ने/<br>• खडेरीबाट हुन गएको क्षति मुल्यांकन गरी नेपाल सरकार र प्रदेश सरकार संग आबश्यक थप राहतको पहल गर्ने/<br>• कोहि अपांग भएमा आबश्यक अपांग कार्ड वितरण गर्ने/ | गाउँ पालिका/वडा कार्यालय/ गैर सरकारी संस्था | गाउँपालिका/प्रदेश सरकार /गैरसरकारी संस्था | ३ महिना |

आज्ञाले,
पुरण गुरुङ
प्रमुख प्रशासकीय अधिकृत

**गण्डकी गाँउपालिका  विपद व्यवस्थापन समितिको विवरण:**

| क्र.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री होम बहादुर राना (गा.पा.अध्यक्ष) | संयोजक | |
| २ | श्री ललिता अधिकारी (गा.पा.उपाध्यक्ष ) | सदस्य | |
| ३ | श्री राकेश गुरुङ्ग (प्रमुख प्रशासकिय अधिकृत ) | सदस्य सचिव | |
| ४ | श्री बिषयगत शाखा सबै | सदस्य | |
| ५ | गिर बहादुर गुरुङ्ग (वडा अध्यक्ष वडा नं. १) | सदस्य | |
| ६ | देउ बहादुर गुरुङ्ग (वडा अध्यक्ष वडा नं. २) | सदस्य | |
| ७ | श्री नवराज श्रेष्ठ (वडा अध्यक्ष वडा नं. ३) | सदस्य | |
| ८ | श्री नर बहादुर पाण्डे (वडा अध्यक्ष वडा नं. ४) | सदस्य | |
| ९ | श्री जस बहादुर सिं थापा  (वडा अध्यक्ष वडा नं. ५) | सदस्य | |
| १० | श्री जीवन गुरुङ्ग (वडा अध्यक्ष वडा नं. ६) | सदस्य | |
| ११ | श्री तुलसी रेग्मी (वडा अध्यक्ष वडा नं. ७) | सदस्य | |
| १२ | श्री राम प्रशाद रेग्मी (वडा अध्यक्ष वडा नं. ८) | सदस्य | |
| १३ | प्रतिनिधि जिल्ला प्रशासन कार्यालय | सदस्य | |
| १४ | प्रमुख वा प्रतिनिधि घ्याल्चोक प्रहरी प्रमुख | सदस्य | |
| १५ | नेपाल रेडक्रश सोसाईटीको स्थानीय प्रतिनिधि | सदस्य | |
| १६ | उद्योग वाणिज्य संघको प्रतिनिधि | सदस्य | |
| १७ | गैह्र सरकारी संघका प्रतिनिधि | सदस्य | |